काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ४२ ❐ शुक्रवार, २० कात्तिक, २०८३ ❐ Friday, 6 Nov 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीको अर्थतन्त्रमा सुस्तता :

कृषि उत्पादन घट्यो, उद्योग र पर्यटन पनि कमजोर

❐ **चाँदनी कठायत**

सुर्खेत, १९ कात्तिक

कर्णालीको अर्थतन्त्रमा सबैभन्दा ठूलो हिस्सा ओगटेको कृषि क्षेत्रकै उत्पादन घटेको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'कर्णाली प्रदेशको आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०८२/८३' अनुसार उद्योगहरुले आफ्नो उत्पादन क्षमता दुई तिहाइभन्दा बढी उपयोग गर्न सकेका छैनन् भने पर्यटन क्षेत्रमा पर्यटक आगमन पनि झन्डै २८ प्रतिशतले खुम्चिएको हो। कृषि, उद्योग र पर्यटन क्षेत्रको यही कमजोर अवस्थाका बीच प्रदेशको आर्थिक वृद्धिदर २.९४ प्रतिशतमा सीमित रहने अध्ययनले देखाएको छ।

अध्ययन अनुसार प्रदेशको आर्थिक वृद्धिदर २.९४ प्रतिशतमा सीमित रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादन २ खर्ब ७७ अर्ब २५ करोड रुपैयाँ रहने अनुमान गरिएको छ। राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णालीको योगदान ४.२० प्रतिशत मात्रै छ। कर्णालीको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी ३१.५२ प्रतिशत छ। सेवा क्षेत्रको योगदान ५८.४१ प्रतिशत र उद्योग क्षेत्रको योगदान १०.०७ प्रतिशत छ। तर अर्थतन्त्रको ठूलो आधार मानिएको कृषि क्षेत्रकै उत्पादन घटेको प्रतिवेदनले देखाएको छ। समीक्षा अवधिमा समग्र कृषि बाली उत्पादन ०.६५ प्रतिशतले घटेको छ।

कृषि उत्पादनमा आएको गिरावट सबै बालीमा समान छैन। तरकारी उत्पादन ३.७६ प्रतिशत र फलफूल उत्पादन ४.०५ प्रतिशतले घटेको छ। धान उत्पादन भने अघिल्लो वर्षको तुलनामा ६.७६ प्रतिशतले बढेको छ। गहुँ उत्पादन २.५० प्रतिशत, जौ १३.७४ प्रतिशत र कोदो ०.३४ प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ। मकै उत्पादन भने ०.२५ प्रतिशतले घटेको छ।



पशुपन्छीजन्य उत्पादनमा पनि मिश्रित अवस्था छ। दूध उत्पादन १५.८३ प्रतिशत, अण्डा ४.०१ प्रतिशत र ऊन उत्पादन ४४.६३ प्रतिशतले बढेको छ। तर मासु उत्पादन २३.१६ प्रतिशत, छाला १४.१४ प्रतिशत र माछा उत्पादन ५.०७ प्रतिशतले घटेको छ। प्रदेशमा खेतीयोग्य जमिनको तुलनामा सिँचाइ सुविधा विस्तार हुन नसकेको अवस्था पनि छ।

प्रतिवेदनअनुसार खेती गरिएको १ लाख ३२ हजार ७३३ हेक्टर क्षेत्रफलमध्ये ५५ हजार ६३० हेक्टरमा मात्रै सिँचाइ सुविधा पुगेको छ। यो खेती गरिएको क्षेत्रफलको ४१.९० प्रतिशत हो। कृषि उत्पादन र उत्पादकत्व बढाउन सिँचाइ, कृषि उपजको बजारीकरण, चिस्यान केन्द्र, भण्डारण र प्रशोधन उद्योगको आवश्यकता प्रतिवेदनले औँल्याएको छ।

नमुना होटलमा पर्यटक आगमन झन्डै २८ प्रतिशत घट्यो

राष्ट्र बैंकले प्रदेशका नमुना छनोटमा परेका होटलबाट संकलन गरेको तथ्यांकअनुसार पर्यटक आगमन अघिल्लो वर्षको ३० हजार ६४७ बाट घटेर २२ हजार १६३ मा झरेको छ। यो २७.६८ प्रतिशतको गिरावट हो। पर्यटक आगमन घट्नुमा भारतीय र चिनियाँ पर्यटकको संख्या कम हुनु मुख्य देखिन्छ। नमुना होटलमा भारतीय पर्यटकको संख्या ४६.३९ प्रतिशत र चिनियाँ पर्यटकको संख्या ६७.६० प्रतिशतले घटेको छ। तेस्रो मुलुकका पर्यटकको संख्या पनि ३९.३९ प्रतिशतले घटेको प्रतिवेदनमा उल्लेख छ। पर्यटक घटेसँगै होटल क्षेत्रमा रोजगारी पनि खुम्चिएको छ। नमुना होटलमा प्रत्यक्ष रोजगारी पाउनेको संख्या १९३ बाट घटेर १८३ मा झरेको छ।

यो ५.१८ प्रतिशतको कमी हो। होटलको शैया क्षमता भने सामान्य रुपमा बढेको छ। अघिल्लो वर्ष ३२८ रहेको शैया क्षमता समीक्षा अवधिमा ३३० पुगेको छ। यसले पर्यटन पूर्वाधार विस्तार भए पनि त्यसअनुसार पर्यटक आकर्षित गर्न नसकिएको देखाउँछ।

यस्तै, प्रदेशमा बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जा दुवै बढेका छन्। २०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप २२.०३ प्रतिशतले वृद्धि भई १ खर्ब ११ अर्ब १५ करोड रुपैयाँ पुगेको छ।

कर्जा प्रवाह ९.७९ प्रतिशतले बढेर ६६ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ। कर्जा-निक्षेप अनुपात ६०.१५ प्रतिशत छ। तर जिल्लागत रुपमा कर्जा प्रवाह समान छैन। कुल सेवा क्षेत्र कर्जामध्ये सुर्खेतमा मात्रै ६१.९८ प्रतिशत प्रवाह भएको छ। सबैभन्दा कम हिस्सा हुम्लाको १.०१ प्रतिशत छ। यसले प्रदेशभित्र आर्थिक गतिविधि र वित्तीय पहुँचको असमानता देखाउँछ।

कृषि क्षेत्रमा ☞ *बाँकी पृष्ठ ४*

रोजगारीका लागि वैदेशिक निर्भरता

कर्णालीमा रोजगारीका अवसर सीमित हुँदा वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य छ। प्रतिवेदनअनुसार समीक्षा अवधिमा पुनः श्रम स्वीकृतिसमेत जोड्दा ३० हजार ४९० जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्। पुनः श्रम स्वीकृति हटाउँदा पहिलोपटक र अन्य श्रम स्वीकृतिको संख्या २० हजार ७१५ रहेको छ। पहिलोपटक श्रम स्वीकृति लिनेको संख्या ४ हजार ९५६ छ। जिल्लागत रुपमा सुर्खेतबाट सबैभन्दा बढी ६ हजार ९२५ जनाले श्रम स्वीकृति लिएका छन् भने सबैभन्दा कम डोल्पाबाट ६१४ जनाले लिएका छन्।

उद्योगको क्षमता उपयोग एकतिहाइ मात्रै

कृषिपछि प्रदेशको औद्योगिक क्षेत्र पनि कमजोर देखिएको छ। प्रतिवेदनअनुसार कर्णालीका उद्योगको औसत क्षमता उपयोग ३०.९८ प्रतिशत मात्रै छ। अघिल्लो वर्ष यस्तो उपयोग ३९.१२ प्रतिशत थियो। एक वर्षमा उद्योगको औसत क्षमता उपयोग ८.१४ प्रतिशत बिन्दुले घटेको हो।

उद्योगले आफ्नो उत्पादन क्षमता पूरा उपयोग गर्न नसक्नुले उत्पादन विस्तार र रोजगारी सिर्जनामा चुनौती रहेको देखाउँछ। केही उद्योगमा क्षमता उपयोग निकै कम छ। दुग्ध प्रशोधन उद्योगको क्षमता उपयोग १०.१९ प्रतिशत मात्रै रहेको प्रतिवेदनमा उल्लेख छ।

औद्योगिक क्षेत्रको समस्या उत्पादन क्षमतामा मात्रै सीमित छैन। कच्चा पदार्थको उपलब्धता, बजार पहुँच, यातायात र पूर्वाधारको अवस्थाले पनि उद्योग सञ्चालनमा असर पार्ने प्रतिवेदनको विश्लेषण छ।

यद्यपि औद्योगिक क्षेत्रमा कर्जा प्रवाह बढेको छ। समीक्षा अवधिमा औद्योगिक कर्जा २५.६३ प्रतिशतले वृद्धि भई ५० अर्ब ७४ करोड रुपैयाँ पुगेको छ। कर्जा बढे पनि उद्योगको क्षमता उपयोग घट्नुले लगानीअनुसार उत्पादन विस्तार हुन नसकेको प्रश्न उठाएको छ।

प्रधानमन्त्री राहत कोषको मौज्दात १८ अर्ब ३७ करोड नाघ्यो



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १९ कात्तिक

रसुवाको भोटेकोशी बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्नेक्रम अझ पनि जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषका विभिन्न खातामा बिहीबार बिहान ९ बजेसम्म मौज्दात रकम १८ अर्ब ३७ करोड ४७ लाख ११ हजार ५७४ रूपैयाँ पुगेको छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा वाणिज्य बैंकमा मैज्दात १३ अर्ब ६२ करोड ५३ लाख ३६ हजार ९७१ र हिमालयन बैंक तथा लक्ष्मी सनराइज बैंकमा रहेका डलर खातामा तीन करोड १४ लाख २५ हजार ७५७ अमेरिकी डलर पुगेको छ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

सेनासहित तीनै सुरक्षा निकायका प्रमुखसँग प्रधानमन्त्री बालेनले लिए ब्रिफिङ



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १९ कात्तिक

प्रधानमन्त्री वालेन्द्र (बालेन) शाहले मुलुकको पछिल्लो शान्ति-सुरक्षाको अवस्थाबारे सुरक्षा निकायका प्रमुखहरूसँग ब्रिफिङ लिएका छन्। प्रधानमन्त्री शाहले बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधान सेनापति अशोकराज सिग्देल, नेपाल प्रहरीका महानिरीक्षक डा. मनोज कुमार केसी र सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेललाई बोलाएर चाडपर्वमा नागरिकको सुरक्षा तथा समग्र शान्ति-सुरक्षाको व्यवस्थापनबारे ब्रिफिङ लिएका हुन्।

प्रधानमन्त्रीले देशको सुरक्षालाई थप सुदृढ पार्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबिचको आपसी समन्वय, सूचना आदानप्रदान र सहकार्यलाई अझ प्रभावकारी बनाउन निर्देशन दिएका छन्।

साथै, नागरिकको जीउधनको सुरक्षामा कुनै पनि कमजोरी हुन नदिन, अपराध नियन्त्रणमा शून्य सहनशीलताको नीति अपनाउन र शान्ति-सुरक्षाको व्यवस्थालाई थप चुस्त-दुरुस्त बनाउन उनले सम्बन्धित निकायका प्रमुखहरूलाई निर्देशन दिएका छन्।

एकसुका पनि लेनदेन नभएको गगनको प्रष्टिकरण



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, १९ कात्तिक

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले हालै सार्वजनिक भएको विवादास्पद अडियो प्रकरणलाई पूर्ण रूपमा खारेज गर्दै आफू कुनै पनि गलत र अनैतिक काममा संलग्न नरहेको स्पष्ट पारेका छन्।


प्रहरी हिरासतमा रहेका 'फिक्सर' इनम सापकोटाको भनिएको अडिओमा आफ्नो नाम जोडिएको विषयमा आफू अनभिज्ञ रहेको उनको दाबी छ।

थापाले पार्टीको आधिकारिकता तथा आन्तरिक रूपान्तरणको लडाइँ कार्यकर्ताहरूको विद्रोह भएको उल्लेख गर्दै यसमा कुनै आर्थिक लेनदेन नभएको बताए।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

सभाहलको व्यवस्थापनमा ध्यान देऊ

वर्षौंको प्रतीक्षापछि सुर्खेत सिटी हल सञ्चालनको तयारीमा पुगेको छ । झन्डै नौ वर्षअघि निर्माण सुरू भएको यो सभाहल कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरका लागि महत्वपूर्ण पूर्वाधार हो । राष्ट्रिय तथा प्रादेशिकस्तरका सभा, सम्मेलन, गोष्ठी, सांस्कृतिक कार्यक्रम र अन्य ठूला समारोह सञ्चालन गर्ने उद्देश्यले निर्माण गरिएको सभाहल पूर्ण रूपमा सञ्चालनमा आउनु सकारात्मक पक्ष हो । तर यसको निर्माण सम्पन्न हुनु र प्रभावकारी रूपमा सञ्चालन हुनु फरक विषय हुन् । अब यसको व्यवस्थापनमा समयमै ध्यान दिन जरूरी छ । सार्वजनिक रकमको ठूलो लगानीमा निर्माण भएका संरचना प्रयोगविहीन हुने, संरक्षणको अभावमा जीर्ण बन्दै जाने र अन्ततः खण्डहरमा परिणत हुने उदाहरण हामीकहाँ प्रशस्तै छन् । सुर्खेत सिटी हलको हकमा त्यस्तो अवस्था आउन दिनु हुँदैन । यसलाई नियमित आम्दानीको स्रोत र कर्णालीको सभा सम्मेलन तथा सांस्कृतिक गतिविधिको महत्त्वपूर्ण केन्□का रूपमा विकास गर्न सकिन्छ ।

सभाहलको सञ्चालन व्यवस्थित गर्न सके यसबाट आम्दानी पनि गर्न सकिन्छ । विभिन्न संघसंस्था, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र र सामाजिक संस्थाले आयोजना गर्ने कार्यक्रमका लागि सभाहल उपयोगी हुन सक्छ । मुख्य सभाहल, मिनी हल तथा उपलब्ध अन्य सुविधालाई निश्चित मापदण्ड र भाडादर निर्धारण गरेर सञ्चालन गर्न सके नियमित आम्दानीको आधार बन्न सक्छ । त्यसबाट प्राप्त रकम सभाहलको मर्मतसम्भार, सरसफाइ, कर्मचारी व्यवस्थापन र सामग्रीको संरक्षणमा खर्च गर्न सकिन्छ । यसले सभाहललाई सरकारको निरन्तर आर्थिक भार बन्नबाट समेत जोगाउन सक्छ । तर अहिले नै सभाहलको उपयोग र व्यवस्थापनमा देखिएका कमजोरीप्रति सम्बन्धित निकाय गम्भीर हुनुपर्छ । कार्यक्रम सञ्चालनका क्रममा उपलब्ध सामग्रीको उचित सदुपयोग र संरक्षणमा ध्यान नदिइएको तथा भवनको सुविधालाई व्यवस्थित ढंगले उपयोग गर्न नसकिएको अवस्था छ । अत्याधुनिक संरचना निर्माण गरेर मात्र हुँदैन, त्यसको नियमित हेरचाह र संरक्षण पनि उत्तिकै आवश्यक हुन्छ । कार्यक्रम सञ्चालनका नाममा भवन र त्यहाँ जडित सामग्रीको दुरूपयोग हुने अवस्था आउन दिनु हुँदैन ।

त्यसैले सभाहल पूर्ण रूपमा सञ्चालनमा आउनुअघि नै वीरेन्द्रनगर नगरपालिकाले स्पष्ट र व्यावहारिक कार्यविधि बनाउनुपर्छ । कार्यक्रम बुकिङ प्रक्रिया, भाडादर, सामग्री प्रयोग, सरसफाइ, सुरक्षा, मर्मतसम्भार, कर्मचारीको जिम्मेवारी र आम्दानी खर्चको पारदर्शितालाई कार्यविधिमा समेट्नुपर्छ । सभाहल सञ्चालनका लागि दक्ष जनशक्ति र नियमित अनुगमनको व्यवस्था पनि हुनुपर्छ । व्यवस्थापन निजी क्षेत्रलाई दिने हो भने पनि त्यसको छनोट र जिम्मेवारी सार्वजनिक हितलाई केन्द्रमा राखेर तय गरिनुपर्छ । सभाहल निर्माणमा देखाइएको तत्परता अब यसको सञ्चालन, सदुपयोग र संरक्षणमा पनि देखाउन आवश्यक छ ।

राष्ट्र असफल बनाउने 'एक्सप्रेस रेल'



✍ गोविन्द अधिकारी

नेपाल अहिले २००७ सालपछिकै सबैभन्दा अराजक र अस्तव्यस्त अवस्थामा पुगेको देखिन्छ । विगतका असफल सरकारहरूको पालामा भन्दा पनि राज्यका संस्थाहरू भताभुङ्ग र लथालिङ्ग भएका छन् । अराजकताको पराकाष्ठा देखिन थालेको छ । पहिले पत्रकारका पछाडि प्रहरी पठाउने र पछि आलोचना हुन थालेपछि पन्छने अभ्यास चरम अनुत्तरदायी प्रवृत्ति हो । यस्तो गैरजिम्मेवार शासन अन्ततः अराजकतामा परिणत हुन्छ । अधिकांश वरिष्ठ निजामती कर्मचारी खल्तीमा राजीनामा बोकेर कार्यालय जाने गरेका छन् । न्यायाधीशहरू महाभियोग लागेर 'जागिर' जाला भनेर थरहरी छन् र प्रधानमन्त्रीको नाम लिने बिचौलिया भेट्न होटल होटल पुगेको सकार्न थालेका छन् । प्रहरीले पत्रकारहरूको स्रोत खोज्दै गरेको धरपकड त एउटा प्रतिनिधि घटनामात्र हो । समग्रमा राज्यको शासन संयन्त्र र संस्थाहरू तङ्रिनै नसक्ने गरी थला पर्दैछन् । यही मार्गचित्र कायमै रहे राखिए मुलुक असफल राष्ट्र हुनेछ र त्यतिबेला बोल्न बाँकी केही रहनेछैन ।

सन् २०२४ मा नोबेल पुरस्कारबाट सम्मानित राजनीतिक अर्थशास्त्रीहरू डारोन ऐसमोग्लु र जेम्स रोबिन्सनको २०१२मा प्रकाशित राष्ट्रहरू किन असफल हुन्छन् (ध्जथ ल्बतष्यलकँबर्ष) मा भनिएका कारणहरू अनुसार नेपाल अगिल्लो दशकदेखि नै त्यसै दिशामा उन्मुख देखिएको हो ।

विशेषगरी विसं २०७४ को प्रतिनिधि सभा निर्वाचनमा नेपाली जनताले सिद्धान्ततः लोकतन्त्रमा आस्था नभएका दललाई सत्ता सुम्पेपछि असफल हुने गति तीव्र भएको देखिन्छ । यसबीच मुलुकलाई विफल हुन नदिन 'ब्रेक' बन्नुपर्ने नेपाली कांग्रेस पनि सत्ताको मोहका कम्युनिस्टहरूकै कुशासनको पक्षपोषण गर्न पुग्यो ।

कुशासनले उब्जाएको जनअसन्तोष विस्फोट हुने भविष्यवाणी हुन थाले पनि सत्ताको मदमा मातेका नेताहरूले वास्तै गरेनन् । फलस्वरूप, २०८२ सालमा जनअसन्तोषको विध्वंसक विस्फोट भयो । अनि कुन कुन शक्तिले के कसरी मौका छोपे कुन्नि सूचना प्रविधिको मायाजालमा नेपाली जनचेतना दिग्भ्रमित बनाए । यसको गम्भीर अध्ययन कसैले गरेको देखिँदैन ।

दुर्भाग्य, सामाजिक सञ्जालको मायाजालमा पर्दा नेपाली जनताले २०८२ को प्रतिनिधि सभामा पनि प्रत्युत्पादक निर्णय लिन पुगेछन् भन्ने बिस्तारै प्रकट हुँदैछ । अहिले धेरैलाई सहमत हुन मुस्किल होला तर रोकथामको प्रभावकारी प्रयत्न नभए मुलुक असफल राष्ट्रको सूचीमा दर्ता हुन धेरै समय पर्खनुपर्ने छैन ।

राष्ट्रहरू कमजोर हुँदै असफल हुने कारण गरिबी वा भौतिक विकासको अभाव होइन । माथि नै भनियो राज्यका संस्थाहरूलाई कमजोर बनाएपछि राष्ट्र विफल हुन्छ । अहिले निजामती र प्रहरीपछि न्यायपालिकालाई गिजोल्न थालिएको छ । न्यायपालिका बाहिरका संगठित शक्तिमात्र होइन अदालतको साख गिराउन भित्रैबाट पनि धमिरा देखिइरहेका छन् । नेपालको न्यायपालिकालाई भताभुङ्ग बनाउन थालिएको पनि मूलतः २०७४ को चुनावपछि नै हो । सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश दीपकराज जोशीलाई कम्युनिस्टहरूको बहुमत भएको संसदीय सुनुवाइ समितिले विनाकारण राजनीतिक पूर्वाग्रह र दम्भ देखाएर अस्वीकृत गरेको ' पाप'को फल अहिले देशले भोग्दैछ । त्यस्तै बहुमतको दम्भमा वरिष्ठतम तीन जना न्यायाधीशमाथि अन्याय गरी चौथो वरीयताका व्यक्तिलाई प्रधान न्यायाधीश बनाएको फल बिस्तारै देशले भोग्नुपर्ने लक्षण देखिन थालेको छ ।

बिचौलिया इनम सापकोटा प्रकरणमा प्रधानमन्त्री वालेन्द्र शाहदेखि राष्ट्रिय स्वतन्त्र पार्टीका नेता पनि मुछिएपछि अहिले न्यायाधीशमाथि महाभियोगको 'सगुफा' छाडिएको छ । पक्कै पनि बिचौलिया वा मुद्दाका पक्षसँग होटेलमा गएर भेट्ने न्यायाधीशहरू न्यायमूर्तिको आसनमा रहन योग्य कम्तीमा नैतिकरूपमा त हुँदैनन् ।

संस्थाहरू असफल बनाउने पात्रहरूले उन्मुक्ति पाउने गरेकै कारण नेपाल असफल राष्ट्रको संघारमा पुगेको हो । तर, कारबाही गर्दा कसैलाई काखा र कसैलाई पाखा गर्न खोजियो भने त्यसबाट देशले थप क्षति भोग्नुपर्नेछ । महाभियोग लगाउँदा निष्पक्ष छानबिन गरेर पहिले भरपर्दो निष्कर्ष निकाल्नुपर्छ र मुछिएका सबैमाथि लगाउनुपर्छ ।

त्यतिमात्र होइन प्रधानमन्त्रीले सचिवालयमा हेरफेर गर्ने कि राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री फेरेर लाज बचाउने हो ? इनम बालेनसँग पनि जोडिएको चर्चा पनि उत्तिकै छ त ! प्रधानमन्त्रीका नाममा सल्लाहकारले शासन चलाउने गरेकैले बिचौलियाले पनि प्रधानमन्त्रीको नाम लिनेगरेको र सर्वोच्च अदालतका न्यायाधीशसमेत थर्कमान भएका हुनुपर्छ । कुनै बिचौलियाले प्रधानमन्त्रीको नाम लिनेबित्तिकै थरथरी कामेर होटेलमा चाकरी गर्न पुग्ने प्रवृत्तिका वा बिचौलियासँग साँठगाँठ भएको व्यक्ति न्यायाधीश हुनसक्छ भन्ने लागेको भए अदालतलाई त्यस्तो अधिकार दिइन्थ्यो होला र ?

न्यायाधीशसँग सेना वा बजेट हुँदैन तर उसको फैसला नागरिकले स्वीकार गर्छन् । मृत्युदण्ड भएका मुलुकमा ज्यान सजाय दिने अधिकार न्यायाधीशलाई सुम्पिएको हुन्छ । नेपालमा पनि कति मुद्दामा सर्वस्वसहित जन्मकैद गर्ने अधिकार कानुनले न्यायाधीशलाई दिएको छ । न्यायाधीश निष्पक्ष हुन्छ र न्याय गर्छ भनेर न यसरी अधिकार सुम्पेको न हो ।

यस्तो नैतिक विवादमा परेको व्यक्ति न्यायाधीश पदमा बसेर नागरिकको भविष्यको फैसला गरिरहनु स्वीकार्य हुनसक्छ ? कानुनीरूपमा दोष प्रमाणित हुन बाँकी नै भए पनि विश्वसनीयता गुमेको अवस्थामा न्यायाधीशहरूले पद छाड्नुपर्छ । कम्तीमा इजलास छोड्नै पर्छ । न्यायाधीशको निष्पक्षताको विश्वासमा नै प्रश्न उठेपछि पदमा टासिइरहँदा व्यक्तिको मात्र नभएर अदालतकै क्षति हुन्छ । त्यो प्रकारान्तरले देशकै क्षति हो ।

विश्वास गुमिसकेपछि पदमा टिकिरहने न्यायाधीशले न्यायको होइन आफ्नै स्वार्थको रक्षा गरिरहेको हुन्छ । न्यायालयको अस्तित्व जनताको विश्वासमा टिकेको हुनाले नैतिक प्रश्न उठिसकेपछि पद छोड्नु कमजोरी नभएर संस्थाप्रतिको सम्मान ठहरिनेछ । पद त्याग गर्ने मापदण्ड 'प्रमाणित अपराध' मात्र होइन 'विश्वासको सङ्कट' पनि हुनसक्छ । न्यायाधीश स्वयं त्यस्तो अवस्थामा परेपछि आफू हटेर संस्थालाई जोगाउनु नै नैतिकता हुन्छ । विवादमा परेपछि न्यायाधीशले अपराध प्रमाणित हुने वा महाभियोगको प्रतीक्षा नगरी राजीनामा दिने र कम्तीमा इजलासबाट अलग हुने संस्कार बसाल्नुपर्छ ।

र अन्त्यमा

नैतिकताका उदाहरण देखाउन सके असफल राष्ट्र हुने दिशातर्फ ओरालो लागेको 'एक्सप्रेस रेल'मा ब्रेक लाग्न सक्छ । अहिले त एउटा काण्ड हुन्छ त्यसैको वरपर सबै झुम्मिन्छन् । अनि अर्को काण्ड हुन्छ । पहिलो बिर्सिएर पछिल्लो काण्डका पछि लाग्छन् । प्रत्येक काण्डले राज्यको साख गिराइरहेको हुन्छ तर विश्वास फर्काउने प्रयत्न गरिँदैन । लाग्छ कतै न कतै कसै न कसैले पर्दा पछाडिबाट कठपुलती खेलाएर शासन गर्दैछ र राष्ट्रलाई विफल बनाउने रणनीति कार्यान्वयन गर्दैछ ।

काठमान्डुले विराटनगरलाई ९ विकेटले हरायो

काँक्रेविहार संवाददाता

काठमाडौं, १९, कार्तिक

नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत काठमान्डु गोर्खाजले दोस्रो जित निकालेको छ । बिहीवार सम्पन्न खेलमा काठमान्डुले विराटनगरलाई ९ विकेटले हराएको हो ।

विराटनगरले दिएको ८४ रनको सामान्य लक्ष्य काठमान्डुले ९.४ ओभरमै १ विकेट गुमाएर भेट्टायो । टोलिले ६.२ ओभरमै ५० रन बनाएको थियो । काठमान्डुका दुई अस्ट्रेलियन ब्याटरले खेल सक्काइदिए ।

डेभिड वार्नर ४४ तथा विलियम बोसिस्टो २३ रनमा अविजित रहे । त्यसअघि कीर्तिपुरस्थित टियु मैदानमा टस हारेर ब्याटिङ थालेको विराटनगर १८.३ ओभरमा ८३ रनमै अलआउट भयो ।

विराटनगरको ब्याटिङ लाइन फ्लप साबित भयो । विराटनगरले पावरप्लेमा



३ विकेट गुमाएर २३ रनमात्रै बनायो । १० ओभर सकिँदा विराटनगर ७ विकेट गुमाएर ३७ रनको स्थितिमा थियो । रुपेश सिंहले सर्वाधिक २६ रन बनाए । यस्तै, एन्जेलो म्याथ्युजले २२ रन जोडे । लडखडाउँदै रन लिन दौडिएका उनले ३१ बल खाए । विराटनगरका तीन ब्याटरले खाता समेत खोल्न सकेनन् । अन्तिम खेल खेलेका वेस्ट इन्डिजका स्टार अलराउन्डर आन्द्रे रसेल ३ रनमात्रै जोडेर पभेलियन फर्किए । उच्च लयमा रहेका लोकेश बमको ब्याट बिहीवार भने चल्न सकेन । उनले १० बलमा ६ रनमात्रै जोडे । बसिर अहमदले १० रनमात्रै बनाए ।

नेपाल सरकार
गृह मन्त्रालय
इलाका प्रशासन कार्यालय
दुल्लु, दैलेख

प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/२०

यस कार्यालयबाट मिति २०८३/०५/२५ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशित भई HardCopy मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोलि मूल्यांकन गर्दा तपसिलको बोलपत्रदाताको प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (६) बमोजिम सारभूत रुपमा प्रभावग्राही भएकोले मिति २०८३/०७/२७ गते ११:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सोहि नियमको उपनियम ७ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरियको छ ।

S. N.	Contract No./ Description of Works	Description of Works	Opening Date,Time and Venue
1.	AAO/Dullu/NCB/01/083/84 (Construction of Office Building of Area Administration Office, Dullu, Dailekh)	M/S New Gangamala-Himchuli JV, Birendranagar, Surkhet M/S Kinara Nirman Sewa and Company Pvt. Ltd., Dhangadhi, kailali M/S Jaydevi-Shivay-Abinash JV, Dullu-7, Dailekh M/S Dhoom/Smriti JV, Dullu-8, Dailekh M/S A.R.-Aashish-Hariganga JV, Mangalsen-05, Achham M/S R.B. Construction Dailekh M/S SC-ANS-MB JV, Kalikot	Date:2083/07/27 Time:11:00 AM Venue: AAO Office, Dullu, Dailekh

बोलपत्रदाता श्री Suraj-K.D. JV, Bardiya ले प्राविधिक प्रस्तावमा Letter of Price Bid संलग्न गरेकोले उक्त प्राविधिक प्रस्ताव ITB को Clause 11.3 र 11.5 विपरित रहेको पाइएको हुँदा उक्त प्राविधिक प्रस्ताव अस्वीकृत भएको व्योहरा समेत जानकारी गराईन्छ ।

अर्जुन बहादुर मल्ल
का. मु. शाखा अधिकृत

पत्रकार महासङ्घद्वारा आन्दोलनको घोषणा

काँक्रेविहार संवाददाता
काठमाडौं, १९ कात्तिक

नेपाल पत्रकार महासङ्घले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता तथा संविधानको संरक्षणका लागि पापडलाई सक्रिय बनाई चरणबद्ध आन्दोलनको घोषणा गर्ने भएको छ। मिडिया काउन्सिल विधेयक आम सञ्चार कानुन र प्रेस स्वतन्त्रताको रक्षा विषयमा महासङ्घद्वारा काठमाडौंमा आयोजित अन्तरक्रियाले त्यस्तो निष्कर्ष निकालेको हो। प्रेस काउन्सिल सम्बन्धी अध्यादेश एकपक्षीय रहेको र सरोकारवालाहरुसँग छलफल नै नभएको ठहर गर्दै अन्तरक्रियाले उक्त विधेयक फिर्ता गर्न राष्ट्रपतिलाई आग्रह गर्ने निचोड पनि निकालेको छ ।

केही दिन अघि पत्रकारहरूमाथि भएको धरपकड र गिरफ्तारीका घटनाबारे छानबिन गरी दोषीलाई कारबाहीको माग गर्दै महासङ्घले विद्यमान अवस्थाबारे प्रधानमन्त्री, मन्त्रीहरू र राजनैतिक दलहरूलाई ध्यानाकर्षण गराउने जनाएको छ। त्यस्तै संसद्मा प्रतिवादको वातावरण सिर्जना गर्न सांसदहरुसँग बहस पैरवी गर्ने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधर अन्तर्राष्ट्रिय निकायलाई ध्यानाकर्षण गराउने, जेनजी अगुवाहरूसँग अन्तरक्रिया गर्ने लगायतका निष्कर्ष निकालिएको महासङ्घले जनाएको छ। महासङ्घका अध्यक्ष निर्मला शर्माले कार्यक्रमका निष्कर्ष अनुसार अघि बढ्ने बताइन्। कार्यक्रममा प्रेस काउन्सिलका पूर्व अध्यक्ष राजेन्द्र दाहाल, महासङ्घका पूर्व अध्यक्षहरू धर्मेन्द्र झा, शिव गाउँले, डा. महेन्द्र विष्ट, वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्ष नितु पण्डित, महासचिव राम प्रसाद दाहाल, सल्लाहकार रमेश विष्ट, नेपाल बार एसोसिएसनका अध्यक्ष डा.विजय मिश्र, राष्ट्रिय सूचना आयोगका पूर्व अध्यक्ष डा. सुरेश आचार्य, प्रेस चौतारीका अध्यक्ष गणेश पाण्डे, प्रेस सेन्टरका अध्यक्ष कमल गिरी, वरिष्ठ पत्रकार बबिता बस्नेत लगायतले आआफ्ना धारणा राखेका थिए।

सर्वोच्चमा प्रस्तावित ४ न्यायाधीशविरूद्ध १३ उजुरी

काँक्रेविहार संवाददाता
काठमाडौं, १९ कात्तिक



सर्वोच्च अदालतका लागि प्रस्तावित ४ जना न्यायाशीशहरूविरूद्ध संसदीय सुनुवाइ समितिमा उजुरी परेको छ।

प्रस्तावित न्यायाधीशहरू रत्नबहादुर बागचन्द, चन्द्रबहादुर सारू, जनक पाण्डे र गोकर्ण डाँगीविरूद्ध उजुरी परेको हो।

उनीहरूलाई न्याय परिषदको गत असोज २० गतेको बैठकले न्यायाधीश नियुक्ति सिफारिस गरेको थियो।

उनीहरूविरूद्ध कात्तिक ९ गते उजुरी आह्वान भएको थियो भने बिहीबारसम्म उजुरी दिने समय थियो। प्रस्तावित न्यायाधीशविरूद्ध १३ जनाले उजुरी दिएका हुन्। उजुरीकर्ताहरूले प्रस्तावित न्यायाधीशहरूविरूद्ध संयुक्त र फरक-फरक रूपमा उजुरी दिएका छन्।

रत्नबहादुर बागचन्दका नाममा ५, चन्द्रबहादुर सारूका नाममा ६, जनक पाण्डेविरूद्ध १० र गोकर्ण डाँगीविरूद्ध ७ वटा उजुरी परेको छ। रत्नबहादुर र चन्द्रबहादुरको सुनुवाइ शुक्रबार र बाँकीको शनिबार सुनुवाइ गर्ने तयारी गरेको छ।

न्यायाधीश सिफारिसमा वरिष्ठता र समावेशीतालाई बेवास्ता गरिएको भन्दै सर्वोच्चकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले नोट अफ डिसेन्टसमेत लेखेकी थिइन्।

रारामा आठौं मुख्य न्यायाधिवक्ता सम्मेलन सुरू

काँक्रेविहार संवाददाता
मुगु, १९ कात्तिक



कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारा ताल क्षेत्रमा सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको आठौँ राष्ट्रिय सम्मेलन बिहीबारदेखि सुरु भएको छ। दुई दिनसम्म सञ्चालन हुने सम्मेलनको उद्घाटन कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले गरेका हुन्।

कर्णाली प्रदेशका मुख्यमन्त्री, महान्यायाधिवक्ता, नायव महान्यायाधिवक्ता, प्रमुख सचिव, मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेशका अनुसार सम्मेलनमा सातै प्रदेशका मुख्य न्यायाधिवक्तासहित २४ जनाको सहभागिता रहेको छ।

कानुनी क्षेत्रका समसामयिक विषयमा छलफल, कानुन व्यवसायीको व्यावसायिक क्षमता अभिवृद्धि तथा न्यायिक क्षेत्रमा देखिएका चुनौती र समस्याको पहिचान गरी समाधानका उपाय खोज्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको मुख्य न्यायाधिवक्ता सर्वराज जैसीले बताए।

उनका अनुसार सम्मेलनमा न्याय सम्पादनको प्रभावकारिता, कानुनी शासनको प्रत्याभूति, नागरिकको न्यायमा पहुँच अभिवृद्धि, कानुनी हकहितको संरक्षण तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयलगायत विषयमा छलफल हुनेछ।

विभिन्न प्रदेशमा कार्यरत मुख्य न्यायाधिवक्ताहरूलाई एउटै मञ्चमा भेला गराई कानुनी क्षेत्रका समस्या, चुनौती, अनुभव र सम्भावनाबारे विचार आदानप्रदान गर्ने अवसरका रूपमा सम्मेलनलाई लिइएको छ।

यसैबिच प्राकृतिक सौन्दर्यले भरिपूर्ण रारा क्षेत्रमा राष्ट्रियस्तरको सम्मेलन आयोजना हुनुले मुगु जिल्लाको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। यस्ता कार्यक्रमले रारालाई राष्ट्रियस्तरमा पर्यटकीय गन्तव्यका रूपमा थप चिनाउन सहयोग पुग्ने डाँफे होटलका सञ्चालक शैलेन्द्र बमले बताए।

मूल समारोह समितिका अनुसार बिहीबारदेखि सुरु भएको सम्मेलन शुक्रबार विभिन्न विषयमा छलफल तथा अन्तरक्रियापछि सम्पन्न हुनेछ।

'पार्टी र सरकारबिच कुनै मतभेद र खटपट छैन'

काँक्रेविहार संवाददाता
चितवन, १९ कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पार्टी र सरकार (मन्त्रिपरिषद्) बिच कुनै पनि किसिमको मतभेद र विवाद नरहेको बताएका छन्। उनले सरकार र पार्टीबिच निरन्तर संवाद र सहकार्य भइरहेको र समन्वयको कमी नरहेको उनले बताए।

बिहीबार निर्वाचन क्षेत्र चितवन पुगेर पत्रकारहरूसँगको कुराकानीमा सभापति लामिछानेले पुराना राजनीतिक दलहरूको जस्तो सरकार नियन्त्रण गर्ने वा हस्तक्षेप गर्ने अभ्यासमा रास्वपा नरहेको बताए। सभापति लामिछानेले पार्टी र सरकारको कार्यक्षेत्र फरक रहने बताए। उनले पार्टी र मन्त्रीहरूबिच काम कारबाहीलाई लिएर कुनै प्रश्न वा जिज्ञासा उठेमा नियमित छलफल र संवादमार्फत स्पष्टता खोजिने गरेको बताए। बाहिर हल्ला चले जस्तो पार्टी र सरकारबिच कुनै खटपट नरहेको उनले बताए।

'हामी राजनीतिमा त्यो अभ्यासको पक्षमा छैनौं। जहाँ सरकार टिकाउन वा पार्टी मिलाउन मन्त्री छेउमा अर्को मान्छे कुर्सी राखेर बस्नुपरोस्। सरकारले आफ्नो पूर्ण (एब्सोल्युट) काम गर्छ र पार्टीले आफ्नो काम गर्छ' उनले भने- 'हाम्रो नियमित भेटघाट र संवाद भइरहन्छ। समन्वयको कुनै कमी छैन। सरकारलाई पूर्ण रूपमा काम गर्न दिनुपर्छ भन्ने पार्टीको स्पष्ट धारणा हो।'

पत्रकारहरूले सञ्चारगृह तथा पत्रकारमाथि भएका पछिल्ला प्रशासनिक कदमबारे सोधेको प्रश्नमा सभापति लामिछानेले लोकतान्त्रिक मूल्य-मान्यता र प्रेस स्वतन्त्रताप्रति रास्वपा सदैव स्पष्ट र अडिग रहेको धारणा राखे। कतै केही कमजोरी वा त्रुटि भए त्यसलाई सच्याउन राज्यका वैधानिक संस्थाहरु क्रियाशील रहेको उनको भनाइ छ।

ज्येष्ठ नागरिक सम्मानित



काँक्रेविहार संवाददाता
दैलेख, १९ कात्तिक

गुराँस गाउँपालिका-१ ले वडाभित्रका ७० वर्ष उमेर पूरा गरेका करिब ३३ जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ।

वडा कार्यालय खड्कबाडामा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिकहरूलाई चिसो मौसममा तातोपानी पिउन सहज होस् भन्ने उद्देश्यले सम्मानस्वरूप इलेक्ट्रिक जग वितरण गरिएको हो।

'ज्येष्ठ नागरिक हाम्रो सान, उनीहरूलाई सम्मान हाम्रो पहिचान' भन्ने नारासहित कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा वडाध्यक्ष धर्मबहादुर रावल, गाउँपालिका अध्यक्ष टोपबहादुर बिसी, उपाध्यक्ष शिवाकुमारी खड्काले ज्येष्ठ नागरिकको अनुभव, योगदान र सम्मानको कदर गर्दै उनीहरूको स्वास्थ्य, संरक्षण र सहज जीवनयापनमा स्थानीय सरकार प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा सम्मानित ज्येष्ठ नागरिकहरूले आफूहरूलाई सम्झेर उपयोगी सामग्रीसहित सम्मान गरेकोमा खुसी व्यक्त गर्दै वडा कार्यालयप्रति आभार प्रकट गरेका थिए।

कार्यक्रम सञ्चालन कम्प्युटर सहायक बखतबहादुर खत्रीले गरेका थिए भने स्वागत मन्तव्य वडा सचिव यमुना सापकोटाले गरेकी थिइन्।

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८३।०७।२०)

यस कार्यालयबाट मिति २०८३।०६।०२ मा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधि भित्र रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र औसत मूल्यको सबैभन्दा नजिक कबोल गरेको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम मिति २०८३ कार्तिक ३० गतेसम्म आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

क्र. सं.	ठेक्का नं.	योजनाको नाम र ठेगाना	सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना	कबोल अंक मू.अ.कर सहित रू
1.	GRM/NCB/WORKS/01(HC)/2083-84	Gurans Gaurab Marga Sadak	Rajita Nirman Sewa Birendranagar-09, Surkhet	1,61,83,303.01
2.	GRM/NCB/WORKS/02(HC)/2083-84	Gurans 4 Siyakot dekhi Pandhrasaiya Aspatal Kumkhola hudai Guranse jodne sadak nirman tatha staronnati	Binita and Bipaasa Nirman Sewa Birendranagar-04, Surkhet	80,45,567.05

प्रमुख प्रशासकिय अधिकृत

गुराँसमा एक महिने बृहत् खेलकुद महोत्सव सुरू



❐ काँक्रेविहार संवाददाता
दैलेख, १९ कात्तिक

दैलेखको गुराँस गाउँपालिकामा एकमहिने बृहत् खेलकुद महोत्सव सुरु भएको छ । वीरेन्द्रनगरमा आयोजना हुने आसन्न १०औँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गर्दै गाउँपालिकाले विभिन्न वडामा फरक-फरक विधाका खेलकुद प्रतियोगिता सञ्चालन गर्न लागेको हो । वडा नं । ३ स्थित सरस्वती माध्यमिक विद्यालय पातिकान्लामा आयोजित समारोहमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाईले महोत्सवको उद्घाटन गरे । कार्यक्रममा प्रदेशसभा सदस्य पूर्णबहादुर खत्री चालिसेलगायत जनप्रतिनिधि, कर्मचारी, खेलाडी र स्थानीयवासीको सहभागिता थियो ।

उद्घाटन समारोहमा मन्त्री पछाईले खेलकुदले शारीरिक तथा मानसिक स्वास्थ्यसँगै अनुशासन, एकता र सहकार्यको भावना विकास गर्ने बताए । गाउँपालिका अध्यक्ष टोपबहादुर बिसीले स्थानीयस्तरमा लुकेका खेल प्रतिभाको पहिचान र विकासका लागि महोत्सव महत्वपूर्ण अवसर हुने बताए ।

महोत्सवअन्तर्गत फुटसल, ब्याडमिन्टन, चेस, क्रिकेट तथा भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ । वडा नं. ४ मा ब्याडमिन्टन र चेस, वडा नं. ८ मा क्रिकेट तथा वडा नं । २ को तल्लो दुङ्गेश्वरमा अध्यक्ष कपअन्तर्गत भलिबल प्रतियोगिता आयोजना गरिने गाउँपालिकाले जनाएको छ ।

एक महिनासम्म सञ्चालन हुने महोत्सवले स्थानीय खेलाडीको प्रतिभा पहिचान, क्षमता अभिवृद्धि र राष्ट्रियस्तरको प्रतियोगिताका लागि तयारी गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

तिहार खर्च जुटाउन राउटेको दौडधुप

❐ काँक्रेविहार संवाददाता
पाल्पा, १९ कात्तिक

राउटे समुदायका पाँच जना सदस्य पाल्पा आइपुगेका छन् ।

तिहार नजिकिएसँगै चाडपर्वको खर्च जुटाउन उनीहरू पाल्पा आएका हुन् । राउटे नेपालको लोपोन्मुख जाति हो ।

कर्णाली प्रदेशको सुर्खेतमा बसोबास गर्दै आएका उनीहरू तानसेन बजारमा आफ्नै हातले निर्माण गरेका पिर्का, आरी, कोसीलगायत काठका



र श्रमबाट तयार पारिएका काठका सामग्री बिक्री गरेर दैनिक गुजारा चलाउनुका साथै चाडपर्वका लागि खर्च जुटाउने गरेको समुदायका सदस्य बन्दवीर शाहीले बताए ।

ठेकी, कोसीलगायत सामग्री बनाएर बिक्री गरी जीविकोपार्जन गर्ने गरिएको थियो ।

अहिले जङ्गलमा रुख काट्न सहज नभएपछि परम्परागत पेसाबाट आम्दानी गर्न कठिन भएको छ ।

यसले गर्दा समुदायका सदस्य आर्थिक आवश्यकताका लागि विभिन्न ठाउँमा पुगेर सहयोग सङ्कलन गर्न बाध्य भएका छन् ।

"पहिले जङ्गलमा भएका रुख काटेर ठेकी, कोसी बनाएर बिक्री गर्थ्यौँ र आफ्नो खर्च चलाउँथ्यौँ । अहिले रुख काट्न पाइँदैन । त्यसैले हामीसँग पैसा हुँदैन र सहयोग उठाउन हिँड्नुपर्छ," उनले भने ।

दैनिक दुई हजार ५ सय कार्टुन अण्डा उत्पादन

❐ काँक्रेविहार संवाददाता
दाङ, १९ कात्तिक

दाङमा पछिल्लो समय अण्डा उत्पादन बढ्दै गएको छ । कुनै समय दैनिक पाँचदेखि छ हजार कार्टुन अण्डा उत्पादन हुने जिल्लामा उचित बजारीकरणको अभावमा उत्पादन घटेर एक हजार कार्टुनमा सीमित भएको थियो । अहिले किसान सङ्गठित भएर बजारीकरणमा जुटेपछि उत्पादन पुनः बढेर दैनिक दुई हजार ५०० कार्टुनभन्दा बढी पुगेको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घका अध्यक्ष ईश्वरप्रकाश श्रेष्ठले किसान सङ्गठित भई उत्पादनको बजारीकरण गर्न थालेपछि अण्डा उत्पादन बढ्न थालेको बताए ।

"किसान सङ्गठित नहुँदा उत्पादन न्यून मूल्यमा बेच्नुपरेको थियो, त्यसले हामीलाई लामो समय घाटा व्यहोर्न बाध्य पारेको थियो", उनले भने "अहिले हामी सङ्गठित भएपछि विस्तारै उत्पादन बढ्न थालेको छ ।" उनका अनुसार एउटा कार्टुनमा २१० वटा अण्डा हुन्छन् । जिल्लामा लेयर्स कुखुराको संख्या नौ लाखभन्दा बढी पुगेको छ । सङ्घका सचिव रविन्द्रविक्रम केसीका अनुसार सङ्घमा १५० भन्दा बढी किसान आबद्ध छन् । हरेक वर्ष ४५ जनाभन्दा बढी नयाँ किसान थपिने गरेका छन् ।

दाङमा उत्पादित अण्डामध्ये २० प्रतिशत अर्थात् दैनिक करिब ५०० कार्टुन जिल्लामै खपत हुने गरेको अध्यक्ष श्रेष्ठले बताए । बाँकी ८० प्रतिशत अर्थात् दुई हजार कार्टुन अण्डा जिल्ला बाहिरका बजारमा पठाइने गरिएको छ । अण्डाको बजारीकरणलाई व्यवस्थित गर्न नेपाल लेयर्स कुखुरापालक सङ्घ र नेपाल एग ट्रेडिङ प्रालिको सहकार्यमा तुलसीपुरमा डिपो सञ्चालन गरिएको छ ।

बीमा कार्यान्वयनको जिम्मा प्रदेश सरकारलाई

❐ काँक्रेविहार संवाददाता
कैलाली, १९ कात्तिक

कृषि तथा पशुपालन व्यवसायमा प्राकृतिक विपद्, रोगव्याधी तथा अन्य जोखिमबाट हुने आर्थिक क्षति न्यूनीकरण गर्न सरकारले बिमा प्रिमियममा अनुदान दिने व्यवस्था कार्यान्वयन गरिरहेको छ । त्यसका लागि बिमा प्रिमियममा ८० प्रतिशतसम्म सरकारले नै अनुदान दिइरहेको छ ।

सङ्घीय सरकामार्फत २०६९ माघ १ गतेदेखि यो व्यवस्था देशभर कार्यान्वयनमा आएको थियो । विगतमा कृषि, वन तथा पर्यावरण मन्त्रालयमार्फत व्यवस्थापन गर्दै आएकामा अब भने उक्त कार्य प्रदेश सरकारबाट हुन थालेको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका प्रवक्ता श्यामसिंह खड्काले जानकारी दिए । गत भदौ १ गतेदेखि 'कृषि, पशुपन्छी र जडीबुटी बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८३' कार्यान्वयनमा आएसँगै सम्पूर्ण व्यवस्थाकीय दायित्व प्रदेश सरकारमा आएको जानकारी दिए । प्रदेशमा पनि व्यवस्थापकीय जिम्मेवारी कृषि मन्त्रालयले निर्वाह गरिरहेको प्रवक्ता खड्काले बताए ।

नयाँ कार्यविधिअनुसार रु एक करोडसम्मको बिमाङ्क रकममा ८० प्रतिशत र रु एक करोडभन्दा माथिको अतिरिक्त बिमाङ्क रकममा ५० प्रतिशत अनुदान उपलब्ध हुने व्यवस्था गरिएको छ ।

कृषि...

प्रवाहित कर्जा ४९ अर्ब ६ करोड ९७ लाख रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ ।

उद्योग क्षेत्रमा ५० अर्ब ७४ करोड ३ लाख र सेवा क्षेत्रमा ५७ अर्ब ५२ करोड ३५ लाख रुपैयाँ कर्जा प्रवाह भएको छ । सेवा क्षेत्रको कर्जामा सुर्खेतको हिस्सा सबैभन्दा बढी छ ।

सरकारी खर्च बढे पनि स्थानीय तहको पुँजीगत खर्च घट्यो

प्रदेश सरकारको कुल खर्च आर्थिक वर्ष ०८१/८२ को तुलनामा ०८२/८३ मा ०.५९ प्रतिशतले बढेर २ अर्ब ११ अर्ब ३३ करोड रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

तर खर्चको संरचनामा चालु खर्च २.९३ प्रतिशतले घटेको र पुँजीगत खर्च १.८९ प्रतिशतले मात्रै बढेको छ । स्थानीय तहको वित्तीय अवस्था विश्लेषण गर्दा भने पुँजीगत खर्च १४.९४ प्रतिशतले घटेको देखिन्छ ।

राष्ट्र बैंकले प्रदेशका पाँच स्थानीय तह- सुर्खेतको वीरेन्द्रनगर, डोल्पाको ठूलीभेरी, कालिकोटको खाँडाचक्र, जाजरकोटको भेरी र रुकुम पश्चिमको मुसिकोटबाट प्राप्त विवरणका आधारमा यो विश्लेषण गरेको हो ।

ती स्थानीय तहको चालु खर्च १.६७ प्रतिशतले बढ्दा पुँजीगत खर्च घटेको छ । स्थानीय तहको कर राजस्व ८.१० प्रतिशतले बढेको छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०७/२०

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री मानकुमारी विष्ट** धनी रहेको, **दर्ता नम्बर ८८३१** बाट **गुर्भाकोट-८, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री धिरज खाजा घर एण्ड लज** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैँतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



दशौं राष्ट्रिय खेलकुद -२०८३

स्वंयमसेवकका लागि आवेदन सम्बन्धि सूचना

प्रकाशित मिति २०८३/०७/२०

दशौं राष्ट्रिय खेलकुदका लागि विभिन्न खेल स्थलहरूमा र उपसमितिहरू मार्फत परिचलन गर्ने स्वयंसेवकहरू आवश्यक भएकाले तपसिल अनुसार सेवा सुविधा र सर्तका अधिनमा रहने गरी १६ बर्ष उमेर पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट करिब ३०० (तीन सय) जना नियुक्ति गर्नका लागि आवेदन माग गरिएको छ ।

तपसिल:

१. स्वयम्सेवा गर्ने अवधि ९ दिन
२. दैनिक खाना खाजा वापत रू. १००० एक हजार मात्र उपलब्ध गराइने ।
३. आवेदन पाइने स्थानः सुर्खेत जिल्लाको हकमा जिल्ला खेलकुद विकास समिति सुर्खेत
४. अन्य जिल्लाको हकमा सम्बन्धित जिल्ला खेलकुद विकास समिति
५. आवेदन दिने अन्तिम मितिः २०८३/०८/०३
६. छनोट गरिने मिति : २०८३/०८/०४

नोटः महिला खेलाडी तथा स्थानियलाई प्राथमिकता दिइने छ ।

अन्य जानकारीका लागि
सुजन खतिवडाः सचिव (स्वयम्सेवक उपसमिति)
सम्पर्क ९८५१०४२१३१
स्वयम्सेवक उपसमिति
दशौं राष्ट्रिय खेलकुद२०८३



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)